# घले समाज ललितपुर
को
# विधान २०६८
## प्रस्तावना

नेपालको इतिहासमा घले जनताले नचाहेर पनि गरिवी, अन्धकार र अशिक्षाको भुमरीमा रुमलिन वाध्य हुन परेको, आफनो भाषा संस्कृति र पहिचानलाइ गुमाउदै जानु परेको लगायतका यथातथ्यलाइ मनन गर्दै विचार, सिद्दान्त र मान्यताका हिसाबले घलेहरु जो जो जहाँ जहाँ भए पनि समग्र घले जातिको साझा सवाल सामाजिक, संस्कृति, भाषिक र पहिचानको अधिकार संरक्षणको निमित्त एकढिक्का भएर लाग्न आजको आवश्यकता महसुस गरी सम्पूर्ण घलेहरुलाइ बएकताको सुत्रमा बाँधेर साझा प्रतिवद्दता जनाइ अधि बढी आफनो भाग्य रेखा आफै कोर्न लागी पर्ने तथ्यलाइ हृदयगमन गरी एकताको अभियानलाई हामीले हाम्रो मूल अभिष्ट ठानेको छौं । यस ललितपुर जिल्लामा लामो समयदेखी स्थायी वा विभिन्न स्थानबाट आई अस्थायी रुपमा विभिन्न क्षेत्रमा आ आफनो दक्ष, सिप र क्षमता अनुसारको पेशा अंगाली बसोबास गर्दै आएको घलेहरु कतिले आफुलाइ आफ्नो समुदाय बिनाको एक्लोपन, संकटहरुसँग कसरी सामना गर्ने ? त्यस्तो अवस्थामा पक्कै पनि आफनो समुदायको अभाव खड्किरहेको हुन्छ । जतिपनि आईपर्ने समस्याहरु छन् र त्यस्को सामना गर्न वा त्यसबाट कसरी सुरक्षित हुने र समाधानका उपायहरु के कस्ता हुन सक्छन् ? भन्ने विषय उपर गम्भिर ध्यानार्पण भई घलेहरुको पहिचान र अस्तित्व धरासायी हुने अवस्थाबाट जोगाउन सम्पूर्ण घलेहरुलाई समेटेर एउटा "घले समाज ललितपुर" नामक संस्था गठन गर्न वान्छनीय भएकोले घलेहरुको सामाजिक, आर्थिक,संस्कृति र शैक्षिक विकाश लगायत भाषा, संस्कृति संरक्षण र पहिचानलाई उजागर गर्ने उद्देश्य लिई वा विधान संस्था दता ऐन, २०३४ को अधीनमा रही निधो गरिएको छ ।



परिच्छेद -१

## प्रारम्भिक

१. संस्थाको नाम :

यस संस्थाको नाम घले समाज ललितपुर रहनेछ । अंग्रेजीमा 'Ghale Samaj Lalitpur'रहनेछ । छोटकंरीमा GSL हुनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाणा : यस संस्थाको कार्यालय ललितपुर जिल्लो, वडा नं. ३ मा रहनेछ ।

(ख) सस्थाको कार्याक्षेत्र : यस सस्थाको कार्यक्षेत्र बागमती अञ्चल, ललितपुर जिल्ला भित्र हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीयअधिकारीको स्वीकृति लिई नेपाल अधिराज्यका अरु जिल्लाहरुमा पनि कार्य क्षेत्र विस्तार गर्न सकिनेछ ।

(ग) प्रारम्भ : यो विधान दर्ता भएको मितिदेखी प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तित्व : यो संस्था एक अविच्छिन्न उत्तराधीकारवाला, संगठित, श्वशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ ।संस्थाबाट आफ्नो उद्देश्य वाहेक अन्य आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

## २. परिभाषा:

विषय वा प्रसङ्ग अर्को अर्थ नमिलेमा यस विधानमा :

(क) "विधान" भन्नाले घले समाज ललितपुर लाई जनाउँदछ ।

(ख) "समाज" भन्नाले घले समाज ललितपुर लाई जनाउँदछ ।

(ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठीत कार्य समितिलाई जनाउँदछ ।

(ङ) "सभा" भन्नाले यस विधान वमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालार्य समेत जनाउँदछ ।

(च) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

(छ) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाइ जनाउँदछ ।

(ज) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्ग बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।"स्थानीयनिकाय"भन्नाले गा.वि.स.,महानगरपालिका,उपमहानगरपालिका,नगरपालिका, जि.वि.स. लाई जनाउने छ।

**३. संस्थाको छाप र चिन्ह:**
प्रचलित व्यबस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढांचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह, पुर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संसोधनको प्रक्रियाद्वारा संसोधन गरिनेछ ।

## परिच्छेद-२
## उद्धेश्य

**४. संस्थाको उद्धेश्य** : प्रचलित कानूनको दायरामा रहि नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट लागु गरियका मार्गदर्शन र परिपत्रहरु समेतलाई पालना गर्ने गरि यस संस्थाको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

(क) यो संस्था नाफा रहीत जनहीतकारी संस्था सामाजिक संस्था हुनेछ ।

(ख) सम्पुर्ण घलेहरुलाई संगठित गराउन पहल गर्ने घले जातीमा रहेका सामाजिक विभेदको अन्त्य गर्दै भाषिक,धार्मिक सास्कृति पहिचानको अधिकार संरक्षण गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

(ग) प्रस्तावित "ललितपुर घले समाज" संस्था एउटा विशुद्ध सामाजिक संस्था भएको हुनाले यसमा कुनैपनि खालको राजतिक विसयवस्तुले स्थान पाउने छैन र यसमा आबद्ध कुनै पनि सदस्यले दलगत स्वार्थभन्दा माथि उठेर प्रभावकारी ढंगले घले

जातिको उत्थानको कार्यक्रम गर्ने, गराउने ।

(घ) घले जाजीमा लगभग ६५%, अशिक्षत र ६३% गरिविको रेखामुनि रहेको घले जनताको शिक्षा, ~~स्वस्थी रहेको घले जनताको शिक्षा~~, स्वास्थ्य र गरिवी निबारणका उपाएहरु अवलम्ब गर्ने, गराउने तथा सग सम्बन्धित जनचेतना लगाएतका कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ङ) घले जातीको हरेक क्षेत्रमा उत्थानको लागि आबश्यक कार्य गरी उत्थान तर्फ सहयोग गर्ने ।

(च) बाढि पहिरो जस्ता दैवि प्रकोप आएमा, कुनै किसिमको आकास्मिक घटना परेमा अरु सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरी राहत माग, विवरण जस्ता कार्यमा सहयोग गर्न एम्बुलेन्स सेवा संचालन गर्न आबश्यकता गृहकार्य गरी भविश्यमा संचालन गर्ने गराउने ।

## ५.संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु.

यस संस्थाले उपरोक्त उश्य प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

(क) संस्थाको प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमती वा ईजाजत प्राप्त गरी मात्रउपरोक्त उद्देश्यहरु कार्यन्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्मान गर्ने वा भाडामा वा लिजमा लिने छ र कमप्युटर, टेलिभिजन, टाईपराइटर, फ्याक्स जस्ता कार्यलय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियूक्त गर्ने तथा तिनका सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

घ संस्थामा प्रप्त रकम जम्मा गरी खाताबाट रकम संचालन गर्नेछ ।

ङ संस्थाको आफ्नो अधिकारको प्रयोग गर्दा अन्यको हकमा हसर पार्ने छैन ।

६. **प्रतिबद्धतता:**

यस संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालकोपरराष्ट्र नीतिको बर्खिलाभ हुने जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति शुरक्षामा खलल पुग्ने काम कुरा नगर्ने कुरामा यस संस्थाको प्रतिबद्धता रहेकोछ।

## परिच्छेद-३
## सदस्यता

७. **सदस्यताको वर्गिकरण** : यस संस्थाको निम्न बमोजिम तीन प्रकारका सदस्यहरु हुनेछन्।

(क) **साधारण सदस्य** : यस विधानको दफा ८ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकेको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यत्तिहरु साधारण सदस्य हुनेछ।

(ख) **संस्थापक सदरुय** : यस संस्था दर्ता गर्दा हुँदाको बखदका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यको साधरण वा आजीवन सदस्ता लिएर विधान वमोजिमको शुल्क बुझाउनु पर्नेछ।

(ग) **मानार्थ सदस्य** : संस्थाको साधारण सभाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिनेछ। तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन।

(घ) **आजिवन सदस्य** : संस्थाको विकासको लागि विशेष सहयोग तथा योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ।

८. **सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता** :

यस संस्थाको सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

क) घले समुदायभित्र पर्ने नेपाली नागरिक भएका,

ख) १६ वर्ष उमेर पुरा गरेको,

ग) मानसिक सन्तुलन नगुमाएको,

घ) नैतिक पतनहुने कुनै फौजदारी र भ्रष्टचारको अभियोगमा सजाय नपाएको,

ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको,

च) कुनै कानुनले अयोग्य नभएको ।

.. संस्थाको सदस्य वहाल रहन नसक्ने अवस्था :
हायका अवस्थामा कुनै व्यक्ति यस संस्थाको सदस्य पद प्राप्त गर्न
क्ने छैन :

क) गैह्र नेपाली नागरिक,

ख) १६ वर्ष उमेर पुरा नगरेको,

ग) मगज विग्रिएको वा वौलाएको,

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको,

ङ) नैतिक पतनहुने कुनै फौजदारी र भ्रष्टचारको अभियोगमा सजाय पाएको,

च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

छ) साहुको दामासाहीमा नपरेको,

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफनो जिम्माको नमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको भियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको ।

(झ) ६ महिना सम्म सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय ललितपुर

डम्बरबहादुर चन्द शाखा अधिकृत

## १० सदस्यको समाप्ति:

(१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन :

(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पदमा वहाल हुन नसक्ने भएमा,

(ख) साधारण सभाबाट ६६% सदस्यको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कार्वाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा,

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा,

(छ) संस्था विघटन भइ खारेज भएमा ।

(२) कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउन भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेश गर्ने मौका दिइनेछ ।

## (११) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(१) साधारण सदस्यता :

(क) साधारण सदस्य प्राप्ति गर्न चाहने व्यक्तिले प्रवेशल शुल्क रु १००।- र सदस्यता शुल्क बापत रु २००।- बुझाई तोकिएका प्रक्रिया अनसार आवेदन पेश गर्नेलाई कार्य-समितिको निर्णयलेसाधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) त्यस्ता सदस्यले बार्षिक नविकरण शुल्क रु १००।- शुल्क बुझाउनु पर्नेछ ।

(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष वैशाख महिनाको मसान्तभित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सकिनेछ ।

(२) संस्थापक सदस्य :

(क) यो संस्था दर्ता हुँदाको बखतका कार्य-समितिका पदाधिकारीशरु संस्थापक सदस्य हुनेछ ।

(ख) संस्थापक सदस्यहरुले रु ५००।- बुझाई आजिवन सदस्यत प्राप्त गर्न सक्नेछन् ।

(३) आजीवन सदस्य :

संस्थामा एकमूष्ठ रु २०००।- बुझाई तोकिएको प्रक्रिया अर्न्तगत आबेदन दिने व्यक्तिलाई कार्य-समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

(४) मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरीकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

(५) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

(६) सबै सदस्यहरुले यस विधान अर्न्तगत बनेको नियम र विनिमय बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

(७) संस्थाले प्रदान गरेको उपदफा १,२,३ बमोजिम अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४
## साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

**१२ साधारण सभाको गठन :**

(१) यस संस्थाको विधानको दफा ७ र ११ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुको संस्थाको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । सधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

(२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

(क) **वार्षिक साधारण सभा** : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

(ख) **विषेश साधारण सभा** : संस्थाको कुल सदस्त स्ख्याको १/४ (एक चौथाई) सभा कार्य-समितिले कम्तिमा ७(सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिनाभित्र पुन अर्को विशेष साधारण सभा बोलाउनु सकिने छैन ।

(३) यस संस्थाको प्रथम बार्शिक साधारण सभा संस्था स्थापना भएको ६(छ) महिनाभित्रमा गरिने छ र त्यसपछिका बार्शिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २(दुई) महिनाभित्र गरिनेछ ।

(४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विषेश साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ ।

(५) उप-दफा (४) बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १९ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

(६) साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पशस्तिका राखिनेछ ।

**(१३) साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य-समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

(ख) लेखापरिक्षकबाट प्राप्त भएको वार्षिक प्रतिवेदनमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) संस्थाको आर्थिक तथा प्रशासनिक विनियमावली अनुमोदन् गर्ने ।

(घ) कार्यक्रम तथा योजनाहरुको नीतिनिर्धारण गर्ने ।

(ङ) कार्य समितिको निर्वाचन तथा गठन गर्ने ।

(च) लेखापरीक्षकको नियूक्ति गर्ने ।

(छ) संस्थाको वार्षिक कार्यक्रम, आम्दानी तथा खर्चको अनुमानित बजेट पारीत गर्ने ।

(ज) संस्थाको कोष संकलन, स्रोतको खोजि, उद्धेश्य तथा लक्ष्य प्राप्तिका लागि कार्य समितिलाई रचनात्मक सुझाव, सल्लाह, सहयोग तथा निर्देशन दिने ।

## परिच्छेद-५
## कार्य समिति, पदाधिकारीको काम, कर्तव्य र अधिकार

१४ कार्य समिति :

(क) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि निम्न बमोजिम अध्यक्ष तथ । सदस्य रहेको कार्य

समिति रहनेछ ।

१) अध्यक्ष : १

२) उपाध्यक्ष : १

३) कोषाध्यक्ष : १

४) सचिव : १

६) सदस्य . ३

(ख) यस संस्थामा ७ जनाको कार्य समिति हुनेछ ।

(ग) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कार्य समितिमा रहेका कुनै सदस्यको पद रिक्त हुनआएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियूक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको हो सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्य समितिको बैठक आवश्यक्तानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

(च) कार्य समितिको बैठकमा सदस्य पदाधिकारी स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको

विवरण (माइन्यूट) छुट्टै किताबमा लेखी राखिनेछ । सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

(ट) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संम्लग्न गरी त्यस्तो काम बैठक बिनापनि गर्न सकिनेछ ।

(ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कांयं कार्य समितिको निर्णयबाट हुनेछ

ड) संस्थाका संस्थापक सदस्यहरु आजिवन सदस्य रहनेछन् ।

## १५. पदत्याग गर्नसक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १६ अन्य समितिहरु :

(१) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्यसंचालनका लागि कार्य समितिको आवश्यक्ता अनुसार अन्य समिति वा उप-समिति गठन गर्न सक्नेछ । यसरी गठनभएका समिति वा उपसमितिहरुको काम कार्य समितिले तोकिदिए बमोजिम हुनेछ । तर यस्तासमिति वा उप-समितिहरुको गठन साधारण सभाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपसमितिका कार्यहरु कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ ।

## १७. कार्य समितिको काम, कर्तव्य र अधिकार :

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमाजिम हुनेछ :

(१) संस्थाको आगामी वर्षको बार्षिक् कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(२) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन

गर्ने गराउने ।

(३) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(४) साधारण सभाप्रति उत्तरदायी रहने ।

(५) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधान र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

(६) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

(७) संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

(८) संस्थाको कर्मचारीहरुको सेवा सर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(९) संस्थाको उद्देश्य परिपर्तिको लागि आफ्नो कार्य अवधिका उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप कोर्यको बाँडफाँड गरिदिने ।

(१०) संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

## १८ पदाधिकारीको काम, कर्तव्य र अधिकार :

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हशनेछन्

**(१) अध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) कार्य समितिको बैठक एवं साधारण सभाको अध्यक्षता गर्ने,

(ख) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने,

(ग) पदाधिकारी तथा सदस्यहरुको कामको रेखदेख, निर्देशन दिने र राजिनामा स्वीकृत गर्ने,

(घ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने,

(ङ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक देखिएमा,उक्त कार्य नभएमा संस्थालाई हानी-नोक्सानी हुनेभएमा सो कार्य गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने,

(च) साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान हुदा मत बराबर भएमा निर्णायक मत दिने,

(छ) संस्थाको कुनै काम कार्वाहीको सम्बन्धमा आवश्यक्तानुसार जाँचबुझ तथा निरीक्षण गर्ने गराउने,

(ज) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने,

(झ) संस्थाको हित तथा उद्धेश्य प्राप्तिका लागि आवश्यक अन्य सम्पूर्ण कार्य गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :

(क) अध्यक्षको काममा सहयोग पुर्‍याउने,

(ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(३) सचिवको काम कर्तव्य र अधिकार:

(क) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको बैठक बोलाउने,

(ख) साधारण सभा तथा समितिबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ग). साधारण सभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना

निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने,

(घ)साधारण सभा बाट निर्णय गर्नुपर्ने कुनै विवादास्पद निर्णयहरु भए पुनः छलफल एव निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) अध्यक्षले तोकेको अन्य काम गर्ने, गराउने,

(च) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रहि प्रबन्ध गर्ने, निरीक्षण र निर्देशन दिने,

(छ) कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउने ।

(४) **कोषाध्यक्षको काम कतृव्य र अधिकार** :

(क)संस्थाको आर्थिक कारोवार सम्वन्धी जिम्मा लिने,

(ख)संस्थाको उद्धेश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने, राख्न लगाउने,

(ग) साधारण सभा तथा समितिले मागेको बखत संस्थाको दैनिक कारोवार संगै सम्वन्धित विवरण उपलब्ध गराउने,

(घ) साधारण सभा तथा समिति समक्ष आर्थिक प्रतिवेदन एवं आगामी आर्थिक वर्षको बजेट पेश गर्ने,

(ङ) संस्थाको कोषमा बृद्धिगर्ने तर्फ प्रयत्नशील हुने,

(च) आर्थिक कारोवारको संचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने,

(छ) आन्तरिक एवं अन्तिम लेखापरीक्षण कार्यमा सहयोग गर्ने,

(ज)संस्थाको दैनिक आर्थिक कारोवार सम्वन्धी सम्पुर्ण पत्र-व्यवहार र जनसम्पर्क राख्ने,

(झ)संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण, संबर्द्धन र नियन्त्रण गर्ने,

(ज) संस्थाको हीत तथा उद्धेश्य प्राप्तिका लागि आवश्यक अन्य काम गर्ने, गराउने ।

(५) **सदस्यहरुको काम कर्तव्य र अधिकार** :

(क)कार्य समितिको बैठकमा सक्रिय सहभागी भई प्रस्तुत एजेण्डा माथि छलफल गरी निर्णायक भुमिका निर्वाह गर्ने,

(ख)संस्थाको उद्धेश्य प्राप्तिका लागि ठोस निर्णयहरु गरि कार्यान्वयन गर्ने,

(ग)संस्थाबाट संचालन गरिने विभिन्न कार्यक्रमहरुमा सहभागी हुने,

(घ) अध्यक्षलाई योजना तर्जुमा गर्न आवश्यक सहयोग गर्ने,

(ङ) संस्थाको हित तथा उद्धेश्य प्राप्तिका लागि आवश्यक अन्य काम गर्ने, गराउने ।

१९. **गणपुरक संख्या** :

(१) कुल सदस्य सख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुनेगरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको कामकार्वाही हुने छैन ।

(२) तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुनेगरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

(३) दोश्रो पटक गणपूरक संस्था सम्बन्धित काम गर्ने ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

२०. संस्थाको कोष :

(१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन् ।
(क) सदस्यता शुल्क बापत प्राप्त रकम,

(ख) सदस्यबाट प्राप्त निक्षेप,

(ग) विभिन्न सरकारी तथा अन्य संघ-संस्था बाट प्राप्त ऋण तथा अनुदान सहयोग,

(घ) कसैले स्वेच्छाले दिएको अनुदान रकम,

(२) विदेशी संघ-संस्थाबाट लिने अनुदान (यसरी प्राप्त हुने अनुदान लिदा संस्थाले अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिईनेछ ।

(३) संस्थामा प्राप्त रकम स्थानिय बैंकखाता सञ्चालन गरिनेछ ।

२१. खाता संचालन :
संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट खाता संचालन हुनेछ । कुनै तीन मध्य अध्यक्ष र कोषाध्यक्षको अनिवार्य हस्ताक्षरबाट संचालन गर्न सकिने छ ।प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मीलाइनेछ ।

२२. कोषको रकम खर्च गर्ने तरिका :

संस्थाको कोषमा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछ ।
(१)यस संस्थाको कोषमा भएको रकम साधारण सभाबाट पारित संस्थाको वार्षिक कार्यक्रम,आम्दानी तथा खर्चको अनुमानित बजेटको परिधिभित्र रहेर संस्थाको उद्धेश्य प्राप्तिका लागि खर्च गरिनेछ । संस्थापन पश्चात प्रथम साधारण सभा नभएको अवस्थामा कार्य समितिको निर्णय अनुसार खर्च गरिनेछ ।

(२)कार्य समितिको निर्णय अनुसार संचालन गरेका जुनसुकै कार्यक्रम तथा योजनामा भएको खर्चलाई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(३)कोषको रकम खर्च गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी गर्नुपर्ने कर कट्टी गरी सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

## २३. संस्थाको लेखा र लेखापरीक्षण :

(१) संस्थाको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ,

(२) संस्थाको लेखापरीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ,

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ,

(४) लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभानभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) प्रत्येक आर्थिक बर्षको लेखा परीक्षण प्रतिबेदन सम्बन्धित स्थानीय अधिकारी, जिल्ला बिकास समिति र समाज कल्याण परिषद समक्ष पेश गरिने छ ।

# परिच्छेद-७

## २४. निर्वाचन सम्बन्धी व्यवस्था :

संस्थाको विधानको अधिनमा रही कार्य समितिको निर्वाचन गर्न एक निर्वाचन समिति गठन गर्नेछ ।जसमा समितिले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरुमध्येबाट तीन जनाको निर्वाचन समिति गठन हुनेछ, जसले नियमानुसार निर्वाचन प्रक्रिया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ जुन गोप्य मतदानद्वारा गरिने छ ।